राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. ४४४/२०७१/०७२

रौतहट जिल्ला भलोहिया रौतहट ६ वस्ने प्रविण कुमार शर्मा ..............................१ निवेदक

**विरूद्ध**

जिल्ला विकास समितिको कार्यालय, रौतहट, गौर ..............................१ विपक्षी

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

रौतहट जिल्ला भलोहिया रौतहट ६ वस्ने प्रविण कुमार शर्माले जिल्ला विकास समितिको कार्यालय, रौतहट, गौर समक्ष तपसिल वमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।१३ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला विकास समितिको कार्यालय, रौतहट, गौरका स्थानीय विकास अधिकारी, सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. तहाँ कार्यालयको मिति २०७१।०४।०१ गते देखि २०७२ जेष्ठ ११ गते सम्मको बोर्डको निर्णयको प्रमाणित प्रतिलिपि ।
२. तहाँ कार्यालयको मिति २०७१।०४।०१ गते देखि २०७२ जेष्ठ ११ गते सम्ममा तहाँ कार्यालय अन्तर्गत कार्यरत स्थायी/अस्थायी/करार/परियोजना तर्फका कुन कर्मचारीले कति रकम, कहिले, कुन प्रयोजनका लागि पेश्की भुक्तानी लिएको हो ? सो को प्रमाणित विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुत्त |

ईति सम्वत् २०७२ साल असार २३ गते रोज ४ शुभम् ।